अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्या : ११ मिति : २०८०।०३।२९

**भाग-१**

**अन्नपूर्ण गाउँपालिका**

**अन्नपुर्ण गाउँपालिकाको विनियोजन ऐन २०८०**

## अन्नपुर्ण गाउँपालिकाको विनियोजन ऐन २०८०

अन्नपुर्ण गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यक्रमहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा ब्यवस्था गर्न बनेको ऐन ,

सभाबाट स्वीकृत मिति : २०८०।०३।०८

**प्रस्तावना :**

अन्नपूर्ण गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) वमोजिम अन्नपूर्ण गाउँपालिकाको  गाँउ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम “अन्नपूर्ण गाउँपालिकाको विनियोजन ऐन २०८०” रहेको छ ।

(२) यो ऐन २०८० श्रावण १ गते देखि लागु हुनेछ ।

**२. आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०८०/८१ को निमित्त गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची (१) मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५३,५४,४३,६००/- (अक्षेरुपी त्रिपन्न करोड चौहन्न लाख त्रिचालिस हजार छ सय ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक बर्ष २०८०/८१ मा खर्च गर्ने गरी गाउँ कार्यपालिका, वडा कार्यालयबाट सञ्चालित हुने योजना तथा कार्यक्रम र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) कार्यपालिकाले स्वीकृत बजेटको कुनै एक बजेट उप शीषर्क अन्तर्गतको खर्च शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमा बचत हुने रकमबाट २५ प्रतिशतमा नबढने गरीने रकमान्तर गर्न सक्नेछ । तर पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सक्ने छैन ।

**अनुसूची (१)**

**दफा २ संग सम्बन्धित**

**नेपालको संविधानको धारा २२९(२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम रु**

| क्र.स. | अनुदान सङ्ख्या | शिर्षकको नाम | चालु खर्च | पूजिगत खर्च | कोषतर्फ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिकाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु | १३८६५९६००। (५३.८६%) | ११८७८४०००। (४६.१४%) | ० | २५७४४३६००। (१००%) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | | ऋणको सावा ब्याज भुक्तानी | ० | ० | ० | ० |
| ३ | | लगानी (शेयर ऋण) | ० | ० | ० | ० |
| ४ | | सशर्त अनुदान तोकिएको शिर्षक अनुसार खर्च हुने | २१६५०००००। (७७.८८%) | ६१५०००००। (२२.१२%) | ० | २७८०००००। (१००%) |
| जम्मा | | | ३५५१५९६००। (६६.३३%) | १८०२८४०००। (३३.६७%) | ० | ५३५४४३६००। (१००%) |

त्यस्तै अन्य निकाय संघ सस्था, निकाय बा क्षेत्रबाट निर्धारित क्षेत्रमा तोकिइ प्राप्त हुन आएका सामाजिक उत्तरदायित्वका रकमहरु, नेपाल सरकार तथा प्रदेश सरकारबाट समपुरक, विशेष अनुदानमा थप प्राप्त हुन आएका योजना तथा कार्यक्रमहरु तोकिए बमोजिम  नै खर्च गरिने छ ।

प्रमाणिकरण मिति : २०८०।०३।१०

राजपत्रमा प्रकाशित मिति : २०८०।०३।२९

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत